

# अध्याय -७

## एकत्रित भएको येशू ख्रीष्टका शरीर

**यस अध्यायका मूल पदहरू: एफिसी ४:१-१६; फिलिप्पी २:३; भजन ६८:१८; प्रेरित २; १ कोरन्थी १२:४-११,२७-३०; यशैया ५:४।**



**<u>यस अध्यायको मूल सार पदः</u> "अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्। एफिसी ४:११-१२।**

पौराणिक काल्पनिक लेखक यसपले धेरै दन्त्यकथाहरू अर्तीको निम्ति लेखेका थिए। ती कथाहरूमा एउटा कथा हो "पेट र पाइटालाहरू।" कथा यस प्रकारको छः "एक दिन पेट र पाइटालाईहरूले को भन्दा को ठूलो भनेर विवाद गरिरहेका थिए। पाइटालाहरूले भनेकी आफू कति बलियो छ किनकि तिनीहरूले पेटलाई बोकेर यताउती लगिरहेकाछन्। तर पेटले भन्यो, "मेरा साथीहरू, यदि मैले खाना खाइँन भने तिमीहरूले केही पनि बोक्न सक्दैनौ।"-ल्वायड डब्लु. डाली, *यसप विथाउट मोरलस्,* न्यु योर्कः थोमास, १९६१, पृ. १४८।

पावलले मानव शरीरलई आत्मिक अर्थ बुझाउन प्रयोग गरेका थिए। पावलको निम्ति मानव शरीर चर्च हो र येशूको शरीर हो। यसमा विभिन्न भागहरू हुन्छन्। ती भागहरूको आआफ्नै भिन्नाभिन्नै क्षमताहरू छन्। स्वस्थ शरीर हुन ती सबै भागहरू मिलेर काम गर्छन्। मानव शरीरलाई प्रतिकको रूपमा पावलले एफिसी ४:१-१६मा प्रयोग गर्छन्। उनले त्यही प्रतिकलाई प्रभावकारीरूपमा प्रयोग गरेका थिए (रोमी १२:३-८, १ कोरन्थी १२:१२-३१)। येशू ख्रीष्ट शरीरको शिर हुनुहुन्छ। चर्चमा भएका विभिन्न प्रतिभाशाली र दक्षता भएका मानिसहरूलाई उहाँले बरदानहरू दिनुहुन्छ। तिनीहरूले ती दक्षताहरूलाई प्रयोग गरेर चर्चलाई एकत्रित पार्दछ। प्रत्येक सदस्यले आफ्नो खुबीलाई प्रयोग गरेर बृहत चर्चको निर्माण गर्दछ।

स्वस्थ र एकत्रित शरीरको चित्रणले हाम्रो निम्ति परमेश्वरको लक्ष्य के हो सो पावलले हामीलाई बुझाउन खोजेका छन्: हामी सबै जना एकत्रित ख्रीष्टको फलदायी भागहरू हौं।

## १. पवित्र आत्मामा एकता

**चर्चमा एकता कायम राखेर विश्वासीहरूमा एक आपस कसरी पोषण गर्नुपर्छ भनेर एफिसी ४:१-१६मा पावलले कसरी उत्साह दिन्छन्? हेर्नुहोस्, "१ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर। २ सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहेर, ३ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर। ४ शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ– जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ– ५ एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, ६ हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ। ७ तर ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ। ८ यसकारण यसो भनिएको छः "उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।" ९ (अब यो "उच्चमा चढ़िजानुभयो" भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो। १० उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्।) ११**

**अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, १२ कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, १३ जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। १४ यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फट्याइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। १५ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। १६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ।"**

येशूका भावनामा चल्ने विश्वासीहरू एक होस् भन्ने चाहना भावुक भएर पावलले आह्वान गर्दछन्। त्यो आह्वान पावलले एफिसीको पुस्तकका दोस्रो आधा भागमा उल्लेख गर्दछन्। त्यो आह्वान दुई भागमा सम्बोधन गरिएको छ (अध्याय ४-६) । पहिलो, एफिसी ४:१-६मा विश्वासीहरू आत्मिकरूपमा एक आपसमा भरपोषण गरुन् भन्ने उनको चाहना छ। एफिसी ४:१-३मा उल्लेख गरेका गुणहरूलाई विश्वासीहरूले प्रकट गरेर आत्मिक मनमन्दिरको निर्माण गर्नुपर्दछ। सातवटा थोकहरूमा विश्वासीहरू एक हुनुपर्छ भनेर एफिसी ४:४-६मा उल्लेख गरिएकाछन्: एउटै शरीर, एउटै पवित्र आत्मा वा आत्मियता, एउटै पवित्र आशा, एउटै प्रभु, एउटै विश्वास, एउटै बप्तिस्मा र सबैका एउटै परमेश्वर र पिता। दोस्रोमा, अनुग्रको स्रोत उचलिनुभएको र विजयी हुनुभएको येशू हुनुहुन्छ भनेर पावलले उहाँको बारेमा पहिचान गराउँछन्। अरूहरूलाई सुसचार सुनाउने अनुग्रह उहाँले नै मानिसहरूमा राख्नुहुन्छ भनेर पावलले जिकिर गर्दछन् (एफिसी ४:७-१०)। चर्चका सारा सदस्यहरू एक भएर चर्चको स्वास्थ, उत्थान र ख्रीष्टको शरीरको एकतामा रहनुपर्छ भनेर उनले आह्वान गर्दछन् (एफिसी ४:११-१६)।

एफिसी ४ को सुरुमा पावलले सबै इसाईहरूलाई यसरी सम्बोधन गर्दछन्, "म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर।" एफिसी ४:१। अर्को अनुवादमा बोलाइएको अनुसार हिंड भनिएको छ, अर्थात् इसाई हुँ भनेर दावी गर्छ भने त्यसै अनुसार व्यवहार गरेर चल र बाँच

(एफिसी २:२,१०; ४:१७; ५:२,८,१५)। जब पावलले तिनीहरूलाई बोलाइएको अनुसार भन्नुको तात्पर्य इसाई आस्था, निष्ठा र विश्वासमा खेलबाड नगरि अडिग भएर बस्नु हो (एफिसी १:१८; एफिसी २:४-६,१३)। परमेश्वरको अन्तिम योजनालाई झल्किने गरेर विश्वासीहरू एकाभावनामा रहन पावलले तिनीहरूलाई चुनौती दिन्छन्। तिनीहरूले ती गुणहरूलाई उपयोग गर्नुपर्छ जसले एकतामा ल्याउँछ भनेर पावलले जोर गर्दछन् (एफिसी ४:१-३)। "सारा दीनता, नम्रता र धैर्यसँग एउटाले अर्कालाई प्रेममा सहनु पर्छ" भनेर उले आग्रह गर्दछन्। ती गुण एक एक गरेर हेरौं।

नम्रता भनेको झुकिने प्रवृत्ति हो भनेर पावलले व्याख्या गर्दछन्। त्यो भनेको "स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान। तिमीहरू हरेकले आफ्नै हित मात्र नखोज, तर अरूका हितलाई पनि हेर। तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो" फिलिप्पी २:३-५ हो अर्थात् आफ्नो भाउ नखोज्नु र येशू भावानमाभावित हुनु। तर त्यसको अर्थ आफूलाई तल्लो स्तरमा झार्ने नकारात्मक गुण होइन (कलस्सी २:१८,१९) तर सकारात्मक रूपमा अरूहरूको सराहना र सेवा गर्नु हो।

दिनता वा भद्रता (एफिसी ४:२)। आफू कतिको महत्त्वको छ भन्ने भावनाले प्रभावित नहुनु गुण नै दिनता हो। साथै "शिष्टता, अरूप्रति संवदेनशील हुन र नरम वा नम्र हुनु हो।"-फ्रेडरिक डान्करद्वारा संपादित, *ग्रिक इन्ग्लिश लेक्सकन अभ द न्यु टेस्टामेन्ट एण्ड अर्ली क्रिश्चियन लिटरेचर,* तेस्रो संस्करण, चिकागो, युनिभर्सिटी, २०००, पृ. ८६१।

आखिरमा, धैर्यता वा सहनशीलता। यसको अर्थ जसले जे भन्छ र जे गर्छ त्यसलाई सहन सक्ने गुण। जतिसुकै दुःखकष्ट दिएपनि प्रतिशोधको भावना नलिइ बस्ने प्रवृत्ति हो।

ती सबै गुण, मिजास व स्वभावहरूले आफ्नो भाउ, वौरव, आत्मसम्मान र कदर खोज्ने प्रवृत्तिबाट स्वतन्त्र भएर अरूहरूको मूल्यमान्यतामा ध्यान दिनु हो।

**येशूका भक्तहरूलाई एकाभावना राख्ने नम्रता, दिनता र धैर्यताको बारेमा सोच्नु होस्। ती गुणहरू हामीले कसरी उत्पादन गर्ने?**

## २. सबै जना मिलेर एक एक हुने

**एफिसी ४-६मा पावलले सात "एकहरू" उल्लेख गरेकाछन् जसले चर्चको एकतालाई सघाउँछ। ती सूचीहरूले पावलले वास्तविकतमा के भन्न खोजिरहेका थिए? हेर्नुहोस्, "४ शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ– जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ– ५ एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, ६ हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ।"**

पावलका सात "एकहरू वा एउटैहरू" काब्यशैलीमा छ। यो एफिससमा गाएको भजनलाई प्रतिवध्दता जनाएर लेखेको हुनुपर्दछ। पावलले दुई "एकहरू" उल्लेख गरेर आफ्नो भावना अघि बढाउँछन्ः "एउटै शरीर" (चर्च ख्रीष्टको शरीर एफिसी ४:१२,१६; १:२३; ५:२३,२९,३०) र एक "आत्मा" वा एकै भावना (एफिसी ४:४)। तेस्रो एकमा "एउटै आशामा बोलाइएको" (एफिसी ४:४; ४:१)।

त्यस सूचीमा तीन थप तत्वहरू उल्लेख गरेका छन्, "एकै प्रभु" अर्थात् येशू, "एकै विश्वास वा आस्था" (अर्थात् इसाईहरूले विश्वास गर्ने विषय, एफिसी ४:१३; कलस्सी १:२३; कलस्सी २:७; गलाती १:२३; १ तिमोथी ४:१,६), र "एकै बप्तिस्मा" (एफिसी ५:२६)। अनि ती एकहरूलाई निश्कर्षमा पुऱ्याउनुभन्दा अघि परमेश्वरको बारेमा बिशाल बयान गर्दछन् "हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ।" एफिसी ४:६।

काव्यशैलीमा पावलले परमेश्वर पिताको बारेमा पावलले के भन्न खोजिरहेका छन्? "सबैका पिता" हुनुभएकोमा परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ। संसार सृष्टि गरिसक्नुभएपछि परमेश्वरले सृष्टि गर्नुभएको सबै थोकसँग उहाँको सम्बन्ध छ भनेर त्यस वाक्यको बाँकि भागले बुझाउँछ। सबै सृष्टिमा परमेश्वर हुनुहुन्छ भन्ने सिद्धान्तसँग पावलले चलखेल गर्न खोजेको छैन। सर्वेश्वरबादले प्रकृति पनि परमेश्वर हो भनेर प्रकृतिलाई पूजा गर्दछन्। परमेश्वरमा संसार छ र त्यसले परमेश्वरलाई नियन्त्रण गर्दैन भनेर त्यस सर्वेश्वरवादीले सिकाउँछ। तर परमेश्वर अपार हुनुहुन्छ र सबैमाथि प्रभुत्व गर्नुहुन्छ र सक्रियरूपमा शासन गर्नुहुन्छ। परमेश्वरले सबै थोकहरूबाट शासन गर्नुहुन्छ र सबै थोकभन्दा अपार हुनुहुन्छ।

चर्चको एकताको दुई अवधारणाहरू ध्यान दिएर हेर्नुहोस् (एफिसी ४:१-६)। पहिलो त एकता आत्मिक र भावनात्मक तथ्य हो जुब ती सात "एकहरूमा" गाभिएका छन्। यसको यथार्थतमा हामी हर्ष मनाउनुपर्दछ (एफिसी ४:४-६)। दोस्रो, यस एकतामा सबैको जोश जाँगर हुनुपर्छ, एक आपसमा आत्मिक भरणपोषण हुनुपर्दछ र बढ्नुपर्दछ (एफिसी ४:३)। यसलाई यथार्थमा ल्याउँदा कतिपय समयमा रुनुपनि  पर्ने हुन्छ किनभने एकतामा रहन हामी कतिपल्ट असफल हुन्छौं। तर जस्तोसुकै हाम्रो कमजोर असफलता भएतापनि हामी आनन्दित हुनुपर्दछ किनभने परमेश्वरनै ख्रीष्टमा हुनुभएर चर्चलाई एकताको सूत्रमा बाँध्नुभएको छ। आध्यात्मिक हिसाबले हेर्ने हो भने यो आत्मामा एक हुने हो (एफिसी ४:३)। एकताको निम्ति प्रयास गर्ने क्रममा जब हामी अघि बढ्छौं तब हामी परमेश्वरको काममा साथ दिइरहेकाछौं भनेर हामी ताजारूपमा विश्वस्त हुन सक्छौं।

**एफिसी ४:४-६ फेरि पढ्नुहोस्। यसले तपाईंको भावनामा कस्तो प्रभाव पारेको छ? हाम्रो एकता भनेको ख्रीष्टद्वारा परमेश्वरसँग र परमेश्वरमा छ भन्ने आत्मज्ञानले तपाईंको आत्मिक स्थिति कस्तो बनाउँछ?**

## ३. उचलिनुभएको ख्रीष्ट, सबै बरदानहरूका दाता

**"तैपनि हामी प्रत्येकलाई ख्रीष्टको उदारताले गर्दा विशेष बरदान दिनुभएको छ। त्यसैकारण धर्मशास्त्रले भन्छ, "यसकारण यसो भनिएको छः "उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।" एफिसी ४:८।**

**"उहाँ उच्चमा चढि जानुभयो" भनेको याद गर्नुहोस्। उच्च स्थानमा जानुभयो भन्नुको अर्थ उहाँ हाम्रो निच पृथ्वीमा पनि झर्नुभएको थियो भन्ने जनाउँछ। जो तल झर्नुभयो त्यही सबं स्वर्ग वा जगतहरूभन्दा उच्च उक्लिनुभएको थियो। सारा जगत उहाँले भर्नुभएको थियो (एफिसी ४:७-१० रूपान्तरित)। यहाँ के भइरहेको छ र पावलले ती पदहरूमा के औंल्याइरहेकाछन्?**

पावलले  यहाँ भजन ६८:१८लाई उतारेका थिए, जसमा लेखिएको छः "जब तपाईं उच्चमा चढ़िजानुभयोतपाईंले कैदीहरूलाई बन्दी बनाएर लानुभयो। तपाईंले मानिसहरूबाट उपहार स्वीकार गर्नुभयो, बागीहरूसमेतबाट पनि– कि तपाईं, हे परमप्रभु परमेश्वर, त्यहाँ वास गरून्।" यस भजनमा यह्वेलाई

युद्ध जित्ने सेनापतिको रूपमा चित्रण गरेको छ। उहाँले शत्रुहरूलाई जित्नुभएर उहाँ पहाडमा उक्लनुहुन्छ जहाँ उहाँको राजधानी सहर निर्माण गरिएकोछ। उहाँसँग युद्धबन्दीहरू थिए। भजन ६८:१,२मा लेखिएको छः "१ परमेश्वर उठून्, उहाँका शत्रुहरू छरपष्ट भइजाऊन्। उहाँका शत्रुहरू उहाँको सामुबाट भागून्।२ जसरी हावाले धूवाँलाई उड़ाएर लैजान्छ, त्यसरी नै तिनीहरूलाई उड़ाउनुहोस्। आगोको सामु मैन बिलाइएझैं, दुष्टहरू परमेश्वरको सामु नष्ट भइजाऊन्।" अनि उहाँले जित्नुभएका शत्रुहरूबाट उहाँले उपहारहरू पाउनुहुन्छ। पावलले त्यसलाई परिमार्जित गरेर उच्च पारिनुभएको ख्रीष्टले उपहारहरू दिनुभएको भनेर लेख्दछन्। यो भजन ६८:३५को आधारमा छ जहाँ लेखिएको छ, "हे परमेश्वर, आफ्नो पवित्रस्थानमा तपाईं भययोग्य हुनुहुन्छ। इस्राएलका परमेश्वरले आफ्नो प्रजालाई शक्ति र बल दिनुहुन्छ। परमेश्वरको प्रशंसा होस्।"

भजन ६८:११लाई केलाएर हेरियो भने उचलिनुभएको ख्रीष्ट स्वर्गमा उक्लनुहुँदा (एफिसी १:२१-२३) पहिला झर्नुभएको थियो अनि पुनरुत्थान हुनुभएको थियो र त्यही उचलिनुभएको येशूले बरदानहरू दिनुभएर सबै भर्नुभएको थियो। यो पेन्टिकोस्टमा पवित्र आत्मा खनिनु भएको (प्रेरित २) घट्ना पावलले चित्रण गरेका थिए। यो चित्रण एफिसी ४:११,१२ले अनुमोदन गरिएको छ। उचलिनुभएको येशूले दिनुभएको बरदानहरू पवित्र आत्माका बरदानहरू थिए।

"येशू उच्च स्थानमा उक्लिनुभयो र युद्धबन्दीहरूलाई अगुवाइ गर्नुभएको थियो र मानिसहरूलाई बरदानहरू उहाँले दिनुभएको थियो। जब ख्रीष्ट उक्लिनुभयो तबर पवित्र आत्मा उहाँले प्रतिज्ञा गर्नुभएको अनुसार खनिएको थियो। पवित्र आत्मा हुरी बतास जस्तै आएर कोठा भरिएको थियो। त्यसबेला येशूका चेलाहरू जम्मा भइरहेका थिए। त्यसको असर के भयो त? एकै दिन हजारौं मानिसहरू येशूलाई विश्वास गरेका थिए।"-एलेन जी ह्वाइट, *यी श्याल रिसिभ पावर,* पृ. १५८।

**एफिसीका ती केही पदहरू जतिसुकै गहिरो भएतापनि ख्रीष्टले हामीलाई के गर्नुभयो र के गर्नुहुनेछ भन्ने कुराले हामीले सान्त्वना कसरी सिक्न सक्छौं? विशेष गरेर "जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुनेछ" (एफिसी १:२३) भन्ने प्रतिज्ञाले हामीलाई कस्तो आशा दिलाउँछ?**

## ४. उच्च पारिनुभएको येशूका बरदानहरू

**भजन ६८:१८ वाट सन्देश लिएर पुनरुत्थान, उच्च पारिनुभएको र विजयी येशूले उच्च स्थानबाट बरदानहरू दिनुभयो भनेर पावलले वर्णन गर्दछन्। उचलिनुभएको येशूले के बरदान वा उपहारहरू दिनुभयो र ती केको लागि? हेर्नुहोस्, "११ उहाँले नै कसैलाई आफ्नो प्रेरित, कसैलाई अगमवक्ता, कसैलाई प्रचारक, कसैलाई मण्डलीको हेर विचार गर्ने र कसैलाई शिक्षक नियुक्त गर्नुभयो। १२ ख्रीष्टका सबै पवित्र जनहरूलाई उहाँको काम गर्न सक्ने बनाउन र उहाँको शरीर मण्डलीको उन्नति गर्नलाई यो नियुक्ती दिनुभयो। १३ यस प्रकार यी वरदानका कामहरूले हामीलाई विश्वासको एकतामा ल्याउन र परमेश्वरको पुत्रको ज्ञानमा हामीलाई बढाउन मद्दत दिइरहन्छन् र एक दिन हामी परिपक्व बन्नेछौं र ख्रीष्टकै भरिपूर्णताको मात्रामा पुग्नेछौं।" एफिसी ४:११-१३।**

चर्चको उत्थान, प्रवर्धन र संवर्धनको निम्ति स्वर्गमा उच्च पारिनुभएको येशूले आफ्नो ढुकुटीबाट चार समूहका मानिसहरूलाई उपहार वा वरदानहरू दिनुभएको थियो भनेर पावलले पहिचान गराउँछ, अर्थात् चर्चमा मूख्य चार थरिका दक्ष जनसक्तिहरू छन्: (१) प्रेरित वा येशूका नीजि चेलाहरू; (२) अगमवक्ताहरू; (३) सुसमाचार प्रचारक वा मिसिनेरीहरू; (४) गोठाला वा शिक्षकहरू (ग्रिक शब्दमा दुवै गोठाला वा अगुवा र शिक्षकहरू एउटै शब्द शैलीमा राखिएको छ)। यस संसारमा अत्यन्तै महत्त्वपूर्ण काम सम्पन्ना गर्न येशूले ती बरदान वा दक्षताहरू दिनुभएको थियोः "१२ ख्रीष्टका सबै पवित्र जनहरूलाई उहाँको काम गर्न सक्ने बनाउन र उहाँको शरीर मण्डलीको उन्नति गर्नलाई यो नियुक्ती दिनुभयो। १३ यस प्रकार यी वरदानका कामहरूले हामीलाई विश्वासको एकतामा ल्याउन र परमेश्वरको पुत्रको ज्ञानमा हामीलाई बढाउन मद्दत दिइरहन्छन् र एक दिन हामी परिपक्व बन्नेछौं र ख्रीष्टकै भरिपूर्णताको मात्रामा पुग्नेछौं।" एफिसी ४:११-१३।

सुरुका एडभेन्टिस्टहरूको निम्ति त्यो अन्तिम कारण विशेष महत्त्वपूर्ण थियो। एलेन जी ह्वाइटमा भएको आत्मिक बरदानहरूको बारेमा तिनीहरूले सोच्दै थिए। अगमवाणी बोल्ने बरदान के प्रेरितहरूको समयसम्ममात्र सिमित गरिएको थियो? के त्यो बरदान येशू नआउँञ्जेल निरन्तररूपमा भइरहन्छ? सुरुको एडभेन्टिस्टहरूले त्यसको जवाफ एफिसी ४:१३मा पाएका थिए। एक जना जहाजको कप्तान वा चालकको बारेमा कथा तिनीहरूले एक आपसमा

बाँडेका थिए। यात्रामा जहाज चलाउने निर्देशनहरू उनले पालन गर्नुपर्थ्यो। जब जहाज समुद्रको किनारामा आइपुग्छ तब चालक जहाज माथि आएर जहाजलाई चलाउनेछ। अरू सबै निर्देशनहरू उनले पालन गरेका थिए। कप्टानले चालकलाई आउन दिएर उनको अगुवाइलाई कप्टानले सुन्नुपरेको थियो। "अब निर्देशन पुस्तिकाको निर्देशन कसले सुन्छ? चालकलाई वेवास्ता गर्नेले कि निर्देशन पुस्तिका अनुसार चालकलाई सुन्ने? तपाईंहरू आफैले निर्णय गर्नुहोस्।" युरिया स्मिथ, " डु वी डिस्कार्ड बाइबल बाइ इन्डोर्सिङ्ग द भिजन?" *रिभ्यु एण्ड हेराल्ड,* जनवरी १३, १८६३।

"गोठाला वा पास्टरहरू, शिक्षक वा गुरुहरू र सुसमाचार प्रचारकहरू भन्दा हामीले हाम्रो समयको परिवेशमा हेर्छौं, त्यसमा हामी होशियारी अपनाउनुपर्दछ। तिनीहरू मिशन कर्मचारीहरू हुन् भनेर हामीले सोच्दछौं, तर पावलको समयमा चर्चको भत्ता वा तलव नखाने सर्वसाधारण अगुवाहरू थिए। तिनीहरूले एफिसीका घरेलु चर्चहरुको अगुवाइ गर्दथे (१ पत्रुस २:९, प्रेरित २:४६, प्रेरित १२:१२)।

**यशैया ५:४मा हामी पढ्छौं, "मैले आफ्नो दाखबारीको निम्ति नगरेको के छ र?" यशैया ५:४। एलेन जी ह्वाइटको सन्दर्भमा हामीलाई परमेश्वरले के गर्नुभएको सो सोच्नुहोस्। त्यसलाई हामीले कसरी प्रयोग गर्ने?**

## ५. येशूमा बढ्नु वा उन्नति गर्नु

**अहिलेमात्र होइन पावलको समयमा नै चर्चलाई टुक्राउने र विश्वासीहरूलाई येशूभावनाको परिपक्वता र एकतालाई तहसनहस पार्ने वातावरण र प्रवृत्तिहरू थिए। तिनीहरूले चर्चमै के खतराहरूको सामना गरिरहेका थिए? हेर्नुहोस्, "हामी स-साना केटा-केटीजस्ता धूर्त मानिसका विभिन्न शिक्षाका बतासले जता हुर्‍यायो, उतै जादैनौं। तिनीहरूले निकालेका ठग विद्याले अरूलाई कुबाटोमा लैजान्छ।" एफिसी ४:१४।**

बर्तमान हाम्रो एडभेन्टिस्ट चर्चलाई टुक्राउने जस्ता वातावरण पावलले पनि सामना गरेका थिए। "प्रत्येक हुरीबतास ल्याउने शिक्षादीक्षा" र "ठगी विद्या वा छलकपट गरेर चर्चलाई भाँड्ने" तत्वहरू त्यसबेलाका विश्वासीहरूमाथि पनि खनिएका थिए। विभिन्न सिद्धान्तहरू घुसाएर चर्चलाई भड्काउने खतरालाई वर्णन गर्न पावलले तीन प्रकारका चित्रणहरू कोर्दछन्: (१) बालककालको अपरिपक्वता, "हामी केटाकेटी जस्ता नहोऔं" (२)

समुद्रमा आउने आँधिबेरीको खतराबाट सावधानी "धूर्त मानिसका विभिन्न शिक्षाका बतासले जता हुर्‍यायो, उतै जादैनौं।" (३) "तिनीहरूले ल्याएका ठगी विद्याले अरूहरूलाई कुबाटोमा लैजान्छ" त्यसम नपरौं। ती मानिसहरू चलाक ठगहरू हुन्। तिनीहरू जुवातास खेलाएर आफू जित्ने प्रपञ्चहरू रच्दछन्। पावलले ग्रिक शब्द कुविया kubeia प्रयोग गर्छन्। यो कौडा हानेर चलाख वा चालवाजी गरेर आफू जित्ने नीति हो।

चर्चलाई टुक्राउने प्रवृत्ति  नै गलत वा ठगी विद्याको उपज हो भनेर पावलले विश्वास गर्दछन्ः जुन विद्या जानेर चर्चलाई स्वस्थ र स्वस्थ बनाउँछ वा जसरी जुन खाना खाएर शरीरलाई पौष्टिक प्रदान गर्छ र बढाउँछ भनेको जस्तै ती असल हुन् र त्यसले चर्चलाई एक एकताको सूत्रमा राख्दछ। तर चर्चलाई टुक्राउने र विगार्ने तत्वहरू खराब हुन्। चर्चलाई विभाजन गर्ने शिक्षादीक्षाबाट अलग रहेर विश्वासिलो, भरपर्दो  येशूमा भक्ति जीवन बिताएका शिक्षकहरूतिर लाग्यो भने तिनीहरू सत्य इसाई परिपक्वतामा प्रगति गर्न सक्छन् र चर्च ख्रीष्टको शरीर हो भनेर आत्मसात् गर्दै त्यसलाई प्रवर्धन गर्न प्रभावकारीरूपमा सक्षम् हुन्छन् (एफिसी ४:१२,१३, ४:१५,१६)।

**स्वस्थ शरीर जस्तै स्वस्थ चर्च कसरी संचालन हुन्छ? हेर्नुहोस्, "१५ प्रेमसँग सत्य बोलेर सबै कुरामा हाम्रो शिर ख्रीष्टजस्तै हामी बढ्दै जाऔं। १६ उहाँकै अधीनमा सबै बेग्लाबेग्लै अङ्गहरू मिलेर रहेका छन् र पूरै शरीर ठीक-ठीक ठाउँमा जोडिएर बसेको छ। एक-एक अङ्गले आफूले गर्नुपर्ने काम गर्‍यो भने पूरै शरीर प्रेममा बढ्दै विकसित हुन्छ।" एफिसी ४:१५-१६।**

एफिसी ४:१-१६मा पावलले चर्चमा एकता हुन आह्वान गर्छन्। त्यस एकतालाई कायम राख्न विभिन्न क्रियालापहरू हुनुपर्छ भने उनले संवोधन गर्छन्। एकताको  सूत्रमा हुनु ईश्वरीय ज्ञान वा विद्याको उपज हो (एफिसी ४:४-६), तर त्यो स्वःत हुँदैन। विश्वासीहरूले त्यसको निम्ति प्रयास गर्नुपर्छ। यो कडा परिश्रमपनि हो (एफिसी ४:३)। येशूको शरीररूपि चर्चमा सक्रिय रहेर हामी एकतालाई सुदृढ गर्दछौं (एफिसी ४:७-१६)। हामी प्रत्येक विश्वासी शरीरको अङ्ग हौं र शरीरको स्वस्थ र उन्नतको निम्ति हामीले प्रयास जारी राख्नुपर्दछ (एफिसी ४:७,१६)। चर्चमा भएका प्रेरित वा विशेष चेलाहरू, अगवक्ताहरू, सुसामाचार प्रचारकहरू, पास्टर र शिक्षकहरूको कामबाट हामी फाइदा लिन सक्नुपर्छ (एफिसी ४:११)। तिनीहरूले शरीरका नशा, तन्तु र प्रत्येक जोर्नीलाई जोडिराख्छ (एफिसी ४:१६)। तिनीहरूकै सक्रियतामा हामी

एकसूत्रमा रहन्छौं, खीष्टमा सँगसँगै मिलेर बढ्न तिनीहरूले सहयोग गर्दछन्। खीष्ट हाम्रो शिर हुनुभएकोले त्यस शिरको इज्जत राख्न हामी एक भएर अघि बढ्नुपर्दछ (एफिसी ४:१३,१५)।

**आजै हाम्रो चर्चमा हुरीबतास जस्ता आउने केही शिक्षाहरू के हुन् र तिनीहरूको खिलाफमा हामी कसरी उभिन सक्छौं? याद गर्नुहोस्, चर्चलाई टुक्राउने तत्व चर्चकै मानिसहरूले आफ्नो भाउ खोज्दा नपाउँदा पनि उब्जन्छन्। सोच्नुहोस्।**

## उपसंहार

एफिसी ४:७-१०को अध्ययनलाई बुझ्नि देहायका सामग्रीहरूले सहयोग गर्दछन्:

१. ग्रीक भाषामा लेखिएको एफिसी ४:९ को अनुवाद। कुनै अनुवादहरूमा येशू माथि उक्लिनुभन्दा अघि तल झर्नुभएको थियो भनेर उल्लेख गरिएको छ। विभिन्न अङ्ग्रेजी अनुवादहरूमा "उहाँ पहिला ओर्लनुभयो" भनेर लेखिएको छ। कतिपय अरू अनुवादहरू ग्रिक शब्दसँग नजिकै मिलाउन खोजिएको छ। कहिले उक्लिनुभयो र ओर्लिनुभयो त्यको समयलाई खुला राखिएको छ। "उहाँ माथि उक्लनुभयो भनेको के हो? यसले उहाँ यस धरातल र अझ तल ओर्लनुभयो भन्ने बुझाउँछ"। भजन ६८:१८ लाई मनन गर्दा उहाँ पहिले स्वर्गमा उक्लिनुभयो अनि उहाँ पवित्र आत्माबाट तल ओर्लिनुभयो भन्ने बुझाउँछ।

२. *उहाँले धेरै कैदीहरूलाई आफूसँग लैजानुभयो।* पावलले भजन ६८:१८ उद्धृत गर्दा ग्रिक भाषामा अनुवाद गरिएको पुरानो करार सेप्टुजिन्टबाट लिएका थिए। एफिसी ४:८ अक्षरस व्याक्यांश हो, "उहाँले बन्दीहरूलाई लानुभयो" (कतिपय अनुवादहरूमा यो लेखिएको छ), त्यसको बृहत अर्थ हो, "उहाँले कैदीको समूहलाई बन्दी बनाएर लानुभयो।" यस मामिलामा सेभेन्थ-डे एडभेन्टिस्टको बुझाइ हो कि जब येशूको पुनरुत्थान भयो र उहाँ स्वर्गमा उक्लिनुभयो त्यसबेला उहाँले केही मानिसहरूलाई विशेष पुनरुत्थान गर्नुभएको थियो (मत्ती २७:५१-५३)। तिनीहरूलाई नै स्वर्गमा लगिएको हो भन्ने विश्वास गर्दछौं । यिनीहरू फसलको समयमा हल्लाउने धानको मुठो हुन् वा मुक्ति पाएकाहरूमा पहिलो अगौटे फल। जब उहाँ स्वर्गको दरवारमा

पिताको सामु उभिनुभयो तब तिनीहरूलाई उहाँको सामु प्रस्तु गर्नुएको थियो (द *एसडिए बाइबल कमेन्टरी* ठेली ६, पृ. १०२२; *द डिजाएर अभ एजेज्* पृ. ८३४ सँग *डिजाएर अभ एजेज्* पृ. ७८५,७८६ तुलना गर्नुहोस्) । कलस्सी २:१५ लाई मनन गर्दा ख्रीष्टले उहाँको शत्रु सैतान र उसका दुष्ट स्वर्गदूतहरूमाथि बिजय प्राप्त गर्नुभएको र तिनीहरू हारेका बन्दीहरू हुन् भनेरपनि चित्रण गर्न सकिन्छ ।

**चिन्तनमननः**

अ. एफिसी ४:११मा उल्लेख गरिएको आत्मिक बरदानहरूसँग देहायका पदहरूको सूचीसँग तुलना गर्नुहोस्। तिनीहरूमा के समनाता र भिन्नता छ? १ कोरन्थी १२:४-११,२७-३०; रोमी १२:४-८; र १ पत्रुस ४:१०,११।

आ. आज हाम्रो चर्चलाई बिभावजन गर्ने हाम्रै माझबाट निस्केका अगुवा भनाउँदाहरूले विभिन्न शिक्षाका हुरीबतास पठाइरहेका छन्। तिनीहरू के के होला? यस्ता तत्वहरूबाट हामीलाई बग्न दिनुहुन्न भन्ने पावलको भनाइ सोच्नुहोस्। हामीलाई र चर्चमा भएका विश्वासीहरूलाई ती तत्वहरूबाट सुरक्षित राख्न के विशेष कदमहरू हामी चाल्न सक्छौं? औपचारिक सेभेन्थ-डे एडभेन्टिस्टलाई विभिन्न खेमा वा स्वतन्त्र मण्डलीहरू स्थापना गरेर चर्चलाई कसरी हानी पुऱ्याइरहेकाछन्? त्यसबाट हामी कसरी जोगिने?

इ. एकताको सूत्रमा रहनुपर्ने विषयबस्तुलाई पावलले जोर गर्दछन्। कुनै पनि मोलमा त्यो एकतालाई हामीले कसरी कायम राख्ने? अर्थात् एकताको नाउँमा चर्चलाई नभाँड्ने तरिका हामीले कसरी अपनाउन सक्छौं?

# कथा ७

# पोलाण्डमा साबथमा बाहिरिनु

## रिसजार्द. पोलाण्ड



कम्युनिस्टले शासन गरेको पोल्याण्डमा रहेका विश्वविद्यालयहरूमा सबै विद्यार्थीहरूले शनिबार कक्षाहरूमा जानुपर्थ्यो। तर रिसजार्द साबथ दिन विश्वविद्यालयको कक्षामा गयल भएर बसे। जसोतसो कक्षाहरूमा उनी पास हुन सकेका थिए। तर एक दिन उसको कक्षामा नयाँ प्रोफेसर आए।

रिसजार्दको साथीले उनलाई भने, "साथी तिमीले त पढ्नै छोड्नुपर्छ किनभने हामीले एक जना कडा प्रोफेसर पाएका छौं। उनले तिमीलाई शनिबार बिदा दिनेछैन। त्यसकारण, आफ्नो सुटकेसमा सामानहरू राखेर घर जाऊ।" तर रिसजार्द बिचलित भएनन्। "अहँ, म सुटकेसमा सामान राखेर घर फर्किन्न। पहिले म मेरो प्रभुसँग प्रार्थना गर्छु। मेरो समस्या उहाँलाई भन्नेछु र उहाँको अगुवाइको निम्ति म अनुरोध गर्नेछु," अडिग भएर रिसजार्दले जवाफ दिए।

नयाँ प्रोफेसरलाई भेट्नु अगाडि रिसजार्दले प्रार्थना गरे। उनीसँगको भेटमा के हुने होला भनेर उनले मनमा कुरा खेलाए। हुनसक्छ प्रोफेसरले भन्नेछन् होला, "तिमीले के विश्वास गर्छौं त्यसको सरोकार छैन। तिमीले मेरो कक्षामा आउनैपर्छ।" वा "बस त म तिमीलाई केही भन्न चाहन्छु।"

रिसजार्द प्रोफेसरलाई भेट्न गए र आफ्नो चिनारी गर्दै उनलाई भने, "म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको हुँ। यो चर्च प्रोटेस्टेन्ट चर्च हो। हामीले येशू, मरियम र उहाँका चेलाहरूलाई विश्वास गर्छौं। हामी तिनीहरू जस्तै जिउँछौं। शनिबार तिनीहरूको निम्ति पवित्र दिन थियो र मेरो पनि। शनिबार तपाईंको कक्षामा म सरिक हुन असमर्थ छु।"

रिसजार्दले प्रोफेसरको जवाफ सुन्न चुपचाप बसे। प्रोफेसरले भने, "मसँग बस्नु र मेरो कथा पहिला सुन्नु।"

आफू धेरै वर्ष अघि डक्टेरट गरेपछि अमेरिकामा एक वर्षको निम्ति इन्टरशिप वा काम गर्न गएको थिएँ भनेर सुनाउँदै उनले भने, "जब म एयर पोर्टमा आइपुगें तब मैले सोचें मैले कसैलाई चिनेको छैन, म कहाँ बस्ने

होला?" तब एउटा परिवारले मलाई एयरपोर्टबाट तिनीहरूको घरमा लग्यो। तिनीहरूसँग रहन र तिनीहरूसँग खान मलाई आमन्त्रण गरेर। जब मैले तिनीहरूलाई पैसा दिन खोजेको थिएँ तर तिनीहरूले लिन अस्वीकार गरे।" वर्षभरी त्यो प्रोफेसर त्यस परिवारसँग बसे।

"जब म पोल्याण्डमा फर्कें ती मानिसहरूले मलाई देखाएको दया मैले कसरी फर्काउने? तिनीहरूले मलाई गरेको सत्कारको निम्ति मैले कसरी सराहना गर्ने?" अनि प्रोफेसरले आफ्नो कुरा अघि बढाउँछ, "मैले के गर्नु सो मलाई केही थाहा थिएन। अब तिमी प्रोटेस्टेन्ट भनेर थाहा पाएँ (म रोमन क्याथोलिक हुँ)। मलाई सहयोग गर्ने परिवार पनि प्रोटेस्टेन्ट थिए। तिम्रो लागि साबथमा छुट्टी दिन्छु।

अचम्मको समाचार सुनेर रिसजार्ड अत्यन्तै चकित र अचम्भित भए। धेरै वर्ष अघि नै अमेरिकामा एक जना इसाई परिवारलाई भविष्यको प्रोफेसरलाई प्रयोग गर्नु भएर मेरो निम्ति साबथ सहुलियत दिन प्रावधान बनाउनुभएको रहेछ। यो परमेश्वरलाई बाहेक अरू कसले गर्दो होला. त्यो पनि कठ्ठर कम्युनिस्ट देश पोल्याण्डको भविष्यको प्राध्यापकलाई?

येशूका नजिक नभएका रिसजार्डको साथी गलत थिए। प्रोफेसरले रिसजार्डलाई बिना रोकतोक साबथमा कक्षामा कहिल्यै पनि सरिक हुन परेन। जब अन्तिम परीक्षामा रिसजार्डमा सरिक भए तब परीक्षाका प्रश्नहरू अत्यन्तै सरल थिए मानौं उनी पास होउन् भनेर जानाजानी प्रोफेसरले प्रश्न पत्रहरू सरल बनाएका थिए। आज. रिसजार्ड यानोस्की पोल्याण्ड सेभेन्थे-एडभेन्टिस्ट चर्चको अध्यक्ष हुनुहुन्छ। पोल्याण्डको विश्वविद्यालयमा साबथमा आफूले पाएको सहुलियतको बारेमा उनले कहिल्यै पनि बिर्सेको छैन।

"हामी राहत नपाउने परिस्थितिमा पनि त्यसबाट उम्काउन परमेश्वरले कस्तो प्रावधान बनाउँदो रहेछ भन्ने कुरो हामीलाई थाहा नै हुन्दैन। येशूले भन्नुभयो. "साँच्चै, म तिमीहरूलाई भन्दछु, भेड़ाहरूको ढोका मै हुँ। मभन्दा अघि आउने सबै चोर र डाँकूहरू हुन्, तर भेड़ाहरूले तिनीहरूका कुरा सुनेनन्। ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ।" यूहन्ना १०:७-९।

*-आन्ड्र्यु मेकचेस्नी*